# माथागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhimun.gov.np


चलानी नं. :
पत्र संख्या :

## तहवृद्धिका लागि आवेदन फाराम पेस गर्ने सम्बन्धी सूचना

**सूचना नं. ३१ मिति : २०८२/०९/१६**

स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ बमोजिम तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले एकतह माथिल्लो तहमा तहवृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार सोही नियमावलीको अनुसूची-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (प्रन्ध) दिनभित्र तपसिलका कागजात सहित आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. सक्कल निवेदन,
२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,
५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,
६. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गरेको निकायको विवरण,
७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
८. हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।

.............................
सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत